श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्रका सम्पूर्ण राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षसंग जोडिएको खेत खला बारीमा आउने जङ्गली बन्देललाई अर्को व्यवस्था नभएसम्म हानिकारक घोषित गरेको छ ।

हानिकारक घोषित भएको जङ्गली बन्देललाई खेत खला बारीमा आएका बखत खेत वा बारीका धनीले विना इजाजत पक्रन, धपाउन, लखेट्न, मार्न सक्नेछ र मारेमा आफैंले निजी प्रयोग गरी सोको सूचना सम्बन्धित राष्ट्रिय निकुन्ज वा आरक्षको कार्यालयमा दिनु पर्ने गरी तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६०